स्थानीय सरकार

बागमती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर

बागमती प्रदेश, नेपाल

☎ ९८५५०७२०७२
☎ ९८४९१६२७७२

प.सं.: २०८१/०८२

**सडकको अधिकार क्षेत्र (Right of Way) सम्वन्धी अत्यन्त जरुरी सूचना**

*(सूचना प्रकाशन मितिः २०८१।०९।२४)*

बागमती गाउँ कार्यपालिकाको मिति २०८१।०९।१९ र गाउँ विपद् व्यवस्थापन समितिको मिति २०८१।०९।१४ गतेको बैठकको निर्णयानुसार यस गाउँपालिकाको क्षेत्रभित्र पर्ने मदन भण्डारी राजमार्ग लगायतका अधिकांश सडकको अधिकार क्षेत्र (Right of Way) मिची सडक तथा सडकको वरपर बिस्कुन सुकाउने, पशु चौपाया छाडा छोड्ने एवं चराउने, अव्यवस्थित रुपमा पार्किङ गर्ने, व्यापार व्यावसाय सञ्चालन गर्ने, घर टहरा निर्माण लगायतका कानुनद्वारा वर्जित तथा अवाञ्छित क्रियाकलापहरुको कारणले सडक दुर्घटनाको जोखिम वृद्धि भएको हुँदा सो सम्वन्धमा स्थानीयहरुलाई सूचित गराउन गाउँ कार्यपालिकाको कार्यालय मार्फत सार्वजनिक सूचना जारी गर्ने निर्णय बमोजिम यो सूचना प्रकाशन गरिएको छ। साथै, सम्बन्धित स्थानीयबासीहरुले सडकको अधिकार क्षेत्र (Right of Way) भित्रका गैरकानुनी क्रियाकलापहरु नगर्न, नगराउनुहुन र १ (एक) महिना भित्र सडक अधिकार क्षेत्र खाली गरिदिनुहुन जानकारी गराईन्छ। तोकिएको समय भित्र पनि सडक अधिकार क्षेत्र खाली नगरेमा प्रचलित कानुन बमोजिम हुने व्यहोरा अवगत गराईन्छ।

२०८१।०९।२४

.................................

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत